का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २५६
❒ २४ कात्तिक २०७८, बुधबार
❒ 10 November 2021, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

## बढ्दो ध्रुवीकरण



**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ कात्तिक ।

गएको ७ कात्तिकदेखि सर्वोच्च अदालतको न्याय सम्पादन कार्य अवरुद्ध छ । मंगलबार पनि सर्वोच्चका न्यायाधीशहरु इजलासमा बसेनन् । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले एकल इजलास राखे । तर अन्य न्यायाधीशहरु इजलासमा नबस्ने अडानमा अडिग रहे । प्रधानन्यायाधीश जबराको राजीनामा नआएसम्म इजलासमा बस्ने न्यायाधीशहरुको अडान छ। न्यायलयको विश्वास र गरीमा जोगाउन प्रधानन्यायाधीश जबराले राजीनामा गर्नपर्नेमा न्यायाधीशहरु एकमत छन् ।

तर प्रधानन्यायाधीश जबराले राजीनामा नदिने अडान छोडेका छैनन् । प्रधानन्यायाधीश जबराले राजीनामा दिनुपरे प्रश्न उठेका अन्य न्यायाधीशहरुले पनि राजीनामा दिनसक्नुपर्ने चुनौती दिएका छन् । सर्वोच्चमा देखिएको यो समस्यामा

> प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग्दै न्यायाधीशहरु इजलासमा नबसेको दुई साता नाघिसकेको छ । तर राजीनामा नदिने प्रधानन्यायाधीश जबराको अडान र राजीनामा नआएसम्म इजलासमा नबस्ने न्यायाधीशहरुको मागका कारण सर्वोच्च अदालत संकटमा थप फस्दै गएको छ ।

न्यायिक क्षेत्र र राजनीतिक दलहरुमा समेत ध्रुविकरण बढेर गएको छ । चार पूर्वप्रधानन्यायाधीश, पूर्वन्यायाधीश, नेपाल बार एशोसिएशन, बाँकी पृष्ठ २ मा

## एमसीसी

# गठबन्धनमा खटपट

**अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) वर्तमान सत्ता गठबन्धनका निम्ति पनि समस्या बनेको छ। प्रधानमन्त्री शेरबहादुर देउवाले एमसीसी पास गराउन पत्र पठाएको अभिव्यक्ति दिएको पाँच दिनपछि माओवादी केन्द्रले संशोधन नगरी अनुमोदन नगर्ने निर्णय गरेको छ। अर्थात् सत्ता साझेदार प्रमुख दलहरूबीच नै एमसीसीबारे विवाद देखिएको छ।**



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ कात्तिक ।

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) यथास्थितिमा अनुमोदन नगर्ने निर्णय गरेको छ। मंगलबार बसेको स्थायी कमिटी बैठकले संशोधन नगरी एमसीसी पारित नगर्ने निर्णय गरेको हो ।

"एमसीसीको कतिपय कुरा आपत्तिजनक छन् । त्यसमा परिमार्जन नभई अगाडि बढ्दैन", प्रवक्ता कृष्णबहादुर महराले भने । माओवादी केन्द्रले एमसीसीबारे निर्णय गर्नको कारण भने १८ कात्तिकमा प्रधानमन्त्री शेरबहादुर देउवाको अभिव्यक्ति हो ।

बेलायत भ्रमणबाट फर्केपछि प्रधानमन्त्री देउवाले एमसीसी अनुमोदन गर्छौ भनेर प्रचण्ड सहित आफूले पत्र पठाएको बताएका थिए । एमसीसीकी उपप्रमुख एलेक्सिया ल्याटोर्तसँग भेटेपछि प्रधानमन्त्री देउवाले त्यस्तो अभिव्यक्ति दिएका थिए ।

"प्रचण्डजी र मैले एमसीसी पास गराउँछौं भने पत्र पठाइसकेका छौं", प्रधानमन्त्री देउवाको भनाइ थियो । एमसीसीले गत साता मात्रै बक्तव्य जारी गरेर यो सम्झौता रद्ध हुँदा नेपाली जनताले लाभ लिन नपाउने उल्लेख गरेको थियो । सम्झौता अनुमोदन गर्ने कि नगर्ने भन्ने निर्णय नेपालकै हातमा रहेको भूमिका बाँधेर एमसीसीले सरकारको ध्यानाकर्षण गराउने उद्देश्य राखेको थियो । संघीय संसद् अधिवेशन अन्त्य गर्ने सरकारको निर्णय लगत्तै एमसीसीले बक्तव्य जारी गरेको थियो । दलहरु बीच सहमति जुट्न नसक्दा एमसीसी परियोजना संसद्बाट पारित हुन सकेको छैन ।

तर संसद् अधिवेशन अन्त्य लगत्तै एमसीसीले बक्तव्य जारी गर्नं बाँकी पृष्ठ २ मा

# ओलीलाई रावल चुनौती !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ कात्तिक

नेकपा एमालेका उपाध्यक्ष भीम रावलले १०औं महाधिवेशनमा नेतृत्वको दावी गर्ने बताएका छन् । गृह जिल्ला अछाम पुगेका रावलले मंगलबार साफेबगर नगर कमिटीको कार्यक्रम सम्बोधन गर्दै अध्यक्ष लड्ने संकेत गरेका हुन् । हारको चिन्ता नलिन आग्रह गर्दै रावलले भने, "नहार्ने को छ ? हार जितको चिन्तै नगर्नहोस् ।"

केपी ओली, माधव नेपालहरु पनि चुनावमा हारेको उदाहरण रावलले दिए । "नहार्ने को छ ? केपी ओलीसँगै एउटै प्यानलमा थिएँ । उहाँ अध्यक्षमा हार्नुभयो, म उपाध्यक्षमा", रावलले भने । ओली झापाबाट, माधव नेपाल काठमाडौं र २०४८ सालमा अछामबाट आफूले हारेको पनि उनले सुनाए ।

पार्टी एकता जोगाउन नेतृत्वको दावी गर्ने उनको भनाइ थियो । "तपाईंहरु जेमा उठ् भन्नुहुन्छ, त्यसैमा उठ्छु" रावलले प्रस्ताव फाले, "तपाइँहरुको यहाँ केही छ भने भनिहाल्नुहोस् ।" फ्लोरबाट अध्यक्ष भनेपछि रावलले त्यो आवाजलाई कमजोर हुन नदिने प्रतिबद्धता गरे ।

मंगलबार नै ओली निकट नेता कर्ण थापा र माओवादीबाट आएका लेखराज भट्टले कैलालीमा प्रदेश कमिटी बैठक राखेका थिए । उक्त बैठकलाई रावलले अवैधानिक भएको र त्यस बैठकले गरेको निर्णय अमान्य रहने सामाजिक सञ्जालबाट चेतावनी दिएका थिए । तर भट्ट प्रदेश इन्चार्ज र थापा अध्यक्षका हैसियतमा कैलालीमा प्रदेश बैठक बस्यो । अध्यक्ष ओलीले भट्ट र थापालाई साथ दिदै आएका छन् ।

त्यसैदिन गृहजिल्ला अछाममा छुट्टै कार्यक्रम गरेर रावलले अध्यक्ष ओलीलाई नै चुनौती दिए । ओली फेरि दोहोरिन नहुने पनि रावलको भनाइ थियो । १० बुँदे सहमति गरी रावल सहित १० स्थायी कमिटीका नेता एमालेमै रहेपनि सुदुरपश्चिमको विवाद हल हुन सकेको छैन । बरु, रावलले १० बुँदे सहमति कार्यान्वयन गर्न बनेको कार्यदलको संयोजकबाट राजीनामा दिएका छन् । १० बुँदेअनुसार, २ जेठ २०७५ अगाडि एमाले पार्टी संरचना फर्काइनुपर्ने र सुदूरपश्चिमको इन्चार्ज भट्ट नभएर आफू हुनुपर्ने अडानमा रावल छन् ।

सुदूरपश्चिमसँगै बागमती, प्रदेश-२, केही जनसंगठन र प्रवासमा समेत १० बुँदेअनुसार एमाले पार्टी संरचना फर्कन सकेको छैन । १० बुँदेको भावना अनुसार पार्टी संरचना नफर्किएको भन्दै रावलले अध्यक्षमा ओलीलाई चुनौती दिने संकेत दिएका छन् । रावल सँगै, आगामी महाधिवेशनमा उपमहासचिव घनश्याम भूसालले पनि नेतृत्वमा दावी गर्ने तयारी गरेका छन् ।

# इजरायल जाने कामदारको प्रहरी प्रतिवेदन र स्वास्थ्य परीक्षण गर्ने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ कात्तिक

वैदेशिक रोजगार विभागले रोजगारीका लागि इजरायल जान छनोट भएका कामदारको प्रहरी प्रतिवेदन र स्वास्थ्य परीक्षण गर्ने तयारी भएको जनाएको छ । उनीहरूको अबको चार दिनभित्र स्वास्थ्य परीक्षण र प्रहरी प्रतिवेदन तयार पार्न सूचना सार्वजनिक गर्ने तयारी भएको वैदेशिक रोजगार विभाग इजरायल शाखा प्रमुख डम्बर सुनुवारले जानकारी दिए ।

पहिलो चरणमा ५०० जनाका लागि मेडिकल र प्रहरी प्रतिवेदनका लागि सूचना सार्वजनिक गर्ने तयारी भएको विभागले जनाएको छ। इजरायलले स्वास्थ्य परीक्षणको मापदण्ड पठाइसकेको सुनुवारले बताए । उनले भने, 'विभागले तोकिएका स्वास्थ्य संस्थामा मेडिकल गर्ने व्यवस्था मिलाइएको छ।' विभागले इजरायल जानेका लागि प्रहरी प्रतिवेदन, पीसीआरसहितको स्वास्थ्य परीक्षण, अभिमुखीकरण, श्रम स्वीकृति र उडान तालिका तयार गर्ने छ ।

छनोटको अन्तिम नतिजा सार्वजनिक भएसँगै विभागले कामदार पठाउने तयारी गर्दै आएको थियो । इजरायलले हाल अन्तिम चरणमा छनोट भएका नेपालीको रोजगार सम्झौता, भिसा र अन्य प्रक्रियाबारे काम गरिरहेको छ । दीर्घकालीन स्याहार केन्द्रमा पठाइने सहायक कामदारको अन्तिम छनोटका लागि नेपालले इजरायललाई उपलब्ध गराएका एक हजार ६०० जना उम्मेदवारमध्ये एक हजार १७५ रोजगारीका लागि योग्य भएका थिए ।

शाखा प्रमुख सुनुवारका अनुसार इजरायलले पहिलो चरणमा नेपालबाट एक हजार युवा माग गर्ने जनाए पनि विभागले थप १७५ को नामावली पठाएको थियो । मेडिकल लगायतका अन्य प्रक्रियामा समस्या आउने अनुमानसहित निर्धारण गरिएको भन्दा थप १७५ को नाम अन्तिम चरणमा राखिएको छ । जसमा महिला ८२१ र पुरुष ३५४ रहेका छन् । बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### मन्त्री श्रेष्ठद्वारा परिणामसहितको काम देखाउन कर्मचारीलाई निर्देशन

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार (किसान) श्रेष्ठले पूर्ण क्षमताका साथ काम गरेर परिणाम देखाउन कर्मचारीलाई निर्देशन दिएका छन्। मन्त्रालयमा मंगलबार आयोजित वार्षिक समीक्षा कार्यक्रममलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले मन्त्रालयका कर्मचारीले पूर्ण क्षमतामा काम गरेर परिणाम ल्याउनु पर्ने बताए ।

सोमबार मन्त्रीको पद वहालीको एक महिना पूरा गरेका मन्त्री श्रेष्ठले यस अवधिमा महत्वपूर्ण चाडपर्व परेका कारणले पुरै अवधि काम गर्न नपाएको भएपनि अब एक सयको गतिमा दौडिन आवश्यक रहेको उल्लेख गरे ।

उनले यसबीचमा पोखरा, बुटवल र हेटौंडामा रहेका श्रम कार्यालयको स्थलगत भ्रमण गरेका थिए । उक्त प्रसंग उल्लेख गर्दै मन्त्री श्रेष्ठले भने, 'बुटवलमा भयानक सरकारी भवन रहेछ, तर कार्यालय भाडाको घरमा बसेको छ, हेटौंडाबाट बाँकी पृष्ठ २ मा


**VACANCY ANNOUNCEMENT**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुदाँ दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- OFFICE SECRETARY 1-Male/Female
- PROJECT MANAGER 1-Male/Female
- DOCUMENTATION 2- Female
- RECEPTIONIST 2-Female

SALARY NEGOTIABLE

म्यानपावर सम्बन्धी २ वर्षको अनुभाव भई विभाग तर्फको System सम्बन्धी राम्रो ज्ञान भएको, नेपाली, अंग्रेजी राम्रो संग लेख्न र बोल्न जानेको, न्यूनतम शैक्षिक योग्यता +२ पास गरेको हुनुपर्नेछ ।

डि डि ह्युमन रिसोर्स प्रा. लि.
DD Human Resource Pvt. Ltd.
Shambhu Marga No 1 Road Manpower Bazar
Phone : 01- 5901569 Mobile:9851018913
E-mail : info@ddimnepal.com, Beni@ddimnepal.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

**QBS CONSTRUCTION, QATAR, DOHA**

पूर्व स्वीकृत मितिः २०७८/०७/२३ चलानी नं.: ६०१६७०३४ LT. No.:250172

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 76 | 0 | स. काममा दक्ष | 1000 | ३२,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १ गते (17 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Lic. No. 1353/074/075
DIAMOND STAR OVERSEAS PVT. LTD.
Buddhanagar-10, Kathmandu, Nepal. PH: 01-4796680, 9818429557, 9809402086



**Kuwait मा रोजगारको अवसर** पून: विज्ञापन

१. कम्पनी: TRAMPOLINE PARK FOR KIDS ENTERTAINMENT COMPANY WLL., Kuwait

पूर्व स्वीकृती मिति २०७६।१०।०७ चलानी नं.६०१५०२६२ LT.No. 230892

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव KD | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales | 11 | 09 | कामगा दक्ष | 120 | ४७,१२५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Receptionist | 02 | - | | 120 | ४७,१२५।- | | | | | | | |

२.कम्पनी: LE CORNER RESTAURANT AND CAFE COMPANY, Kuwait

पूर्व स्वीकृती मिति २०७६।१०।१८ चलानी नं.६०१५२६०३ LT.No. 233921

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव KD | मासिक तलव नेरू | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 04 | - | कामगा दक्ष | 100 | ३९,२७०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook | 07 | - | | 125 | ४९,०८५।- | | | | | | | |
| 3 | Cafe Labour (Indoor) | 07 | - | | 80 | ३१,४१५।- | | | | | | | |
| 4 | Restaurant Labour(Indoor) | 05 | - | | 80 | ३१,४१५।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | कामदार स्वयं रु. १०,०००।- |

प्रि अन्तरवार्ता धमाधम भइरहेको छ । फाइनल अन्तरवार्ता २०७८ मंसिर १, २ र ३ गते (17, 18 & 19 November, 2021) मेनपावर कार्यालय सनामगंलमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगर बानेश्वरमा सम्पर्क राख्नु होला।

Gov.Lic. No. 768/065/066
Focus Nepal Overseas Pvt. Ltd
Sinamangal, Kathmandu, Ph.No.: 01-4579297, 4589028
Mobile No.: 9810349083, 9851099415, 9841766249
Email: info@focusnepaloverseas. com



**कर्मचारी चाहियो**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Salary Negotiable

- DOCUMENTATION - 2 (MALE/FEMALE)
  Excellent in Photoshop,
  Ms Word with Latest Technology, Nepali Typing Skill,
  2 Years Work Experience Preferred.
- PRO - 2 (MALE/FEMALE)
  Excellent in Photoshop,
  Ms Word with Latest Technology, Nepali Typing Skill,
  2 Years Work Experience Preferred.
- RECEPTIONIST - (MALE/FEMALE)
  Excellent in Photoshop,
  Ms Word with Latest Technology, Nepali Typing Skill,
  2 Years Work Experience Preferred.
- Office Cleaner - (FEMALE)

Candidates Meeting Above criteria can apply with a CV and Application Letter with Expected Salary in Email provided below.
E-mail: paramounthrs@gmail.com

Paramount Human Resources Pvt. Ltd.
Chandole-4, Kathmandu, Nepal
Ph. No.: 01-4445936, 4424759 9808400446, 9841222845
Govt. Lic. No: 319/059/060

# सम्भावित विपद् जोखिम क्षेत्रको 'म्यापिङ' गरिने



**विराटनगर/मस–** प्रदेश नं १ को आन्तरिक मामिला तथा कानून मन्त्रालयअन्तर्गत विपद् कार्यकारी समितिको बैठकले यही कात्तिक २ गते आएको अविरल वर्षा र त्यसपछिको बाढीपहिरोबाट प्रदेशमा भएको क्षतिको समग्र समीक्षा गरेको छ ।

सोमबार समितिका अध्यक्ष तथा आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीको अध्यक्षतामा बसेको बैठकले बाढीबाट भएको क्षति तथा प्रभावलाई सम्बोधन गर्ने निर्णय गरेको छ । वर्षा र त्यसपछिको डुबान, कटान तथा पहिरोबाट भएको क्षतिका विषयमा समग्र समीक्षा गर्दै पाँचथरको मिक्लाजुङ जोड्ने सडक सञ्चालन गर्न समन्वय गर्ने निर्णय भएको छ ।

सडक अवरुद्ध भएकाले खाद्यान्न तथा नुनलगायत सामग्री अभाव भयो भन्ने गुनासो आएकाले सङ्घीय भौतिक पूर्वाधार मन्त्रालय र सडक डिभिजनसँग समन्वय गरेर तत्काल सडक मर्मत गर्दै सञ्चालन गर्न समन्वय गर्ने, वर्षा र बाढीबाट भएको मृत्युको विवरण प्राप्त भए पनि अन्य क्षतिको विवरण पूर्णरूपमा आउन बाँकी रहेकाले जिल्लास्थित दैवी प्रकोप उद्धार समितिबाट चाँडै लिने, १४ जिल्लामा विपद्जन्य के-के घटना हुन सक्छन् भन्ने जोखिम क्षेत्रको 'म्यापिङ' गरेर यकिन विवरण जिल्ला विपद् व्यवस्थापन समितिले १५ दिनभित्र मन्त्रालयमा पठाइसक्ने निर्णय भएको मन्त्रालयका सचिव कालिप्रसाद पराजुलीले जानकारी दिए । प्रदेशका १४ वटै जिल्लास्थित विपद् व्यवस्थापन समितिलाई सम्भावित विपद्का कारण उत्पन्न परिस्थितिमा उद्धारका लागि आवश्यक पर्ने सामग्री आवश्यक भए मन्त्रालयमा माग गरेर पठाउने, बाढीपहिरोबाट भएको भौतिक संरचना आदि क्षतिको भौतिक पूर्वाधार मन्त्रालयबाट एकीकृत विवरण तयार गरी मर्मत गर्नुपर्ने सडक भए मर्मत गर्ने र पहिरोको दीर्घकालीन समाधान गर्नुपर्ने भए सोसमेत गर्ने निर्णय भएको छ । बैठकमा मन्त्री कार्कीले बाढीबाट प्रभावित क्षेत्रका नागरिकलाई सहज हुने गरी काम गर्न विपद् व्यवस्थापन समितिलाई सक्रिय हुन निर्देशन दिएका थिए ।

यसैबीच प्रदेश सुरक्षा समन्वय समितिको बैठक पनि सम्पन्न भएको छ । बैठकमा नेपाली सेना, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र सशस्त्र प्रहरीका प्रदेशस्तरीय प्रमुख सहभागी हुनुहुन्थ्यो । बैठकमा समग्र प्रदेशको सुरक्षा, अपराध नियन्त्रण, लागुऔषध नियन्त्रणका विषयमा निकायगतरूपमा प्रस्तुति गरिएको थियो ।

बैठकमा मन्त्री कार्कीले अपराध तथा सीमामा हुने चोरी, तस्करी नियन्त्रण गर्दै समग्र सुरक्षा यवस्था चुस्त बनाउनुपर्नेमा जोड दिए । बैठकले सुरक्षा अवस्था, सीमापार अपराध, चोरी, तस्करी नियन्त्रणजस्ता विषयमा जिल्ला सुरक्षा समितिलाई आवश्यक निर्देशन दिने र रिर्पोटिङको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

# बिग्रिए सीसीटीभी क्यामरा



**मान्म/मस–** कालीकोटको सदरमुकाम मान्म बजारमा जडान गरिएका अधिकांश सीसीटीभी क्यामरा बिग्रिएका छन् । सदरमुकामको मान्म बजार जिरो प्वाइन्ट, प्रतिमाचोक, बीच बजार, पुरानो बसपार्कलगायतका २८ ठाउँमा सीसीटिभी क्यामरा जडान गरिएका थिए ।

स्थानीय सरकार, वित्तीय संस्था, उद्योगी तथा व्यापारीको सहयोगमा जडान गरिएको २८ वटा सिसिटिभी क्यामरामध्ये हाल तीन वटा मात्र सञ्चालनमा रहेका छन् । मान्म बजारका सार्वजनिक स्थानमा राखिएका सिसिटिभी क्यामरामध्ये अधिकांशले काम गर्न छाडेको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख चक्रबहादुर शाहले बताए ।

'२८ वटा सिसिटिभी क्यामरामध्ये तीन वटाले मात्र काम गर्छन्' उनले भने, 'धुवाँ, धुलो, पानी, चटचाङका कारणले क्यामरा बिग्रिएका हुनसक्छन् ।'

सीसीटिभी क्यामरा बिग्रँदा बजार क्षेत्रमा हुने आपराधिक घटना, चोरी, सवारी दुर्घटनालगायतका घटनाको अनुसन्धानमा समेत समस्या आएको प्रहरी प्रमुख शाहले बताए ।

## गठबन्धनमा...

र प्रधानमन्त्री देउवाले पास गराउनेगरी पत्र पठाएको बताएपछि मंगलबारको माओवादी केन्द्रको बैठकमा प्रश्न उठेको थियो । नारायणकाजी श्रेष्ठ, देव गुरुङ, लीलामणि पोखरेल लगायतले प्रश्न उठाएपछि अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रष्टोक्ति दिएका थिए ।

स्रोतका अनुसार, प्रचण्डले एमसीसी संशोधन बिना अनुमोदन गराउनेगरी पत्र नपठाएको बताए । यसपछि यसबारे स्थायी कमिटी बैठकले यथास्थितिमा एमसीसी अनुमोदन नगराउने निर्णय गरेको छ ।

अर्थात् फेरि पनि एमसीसी सम्झौताका कारण सत्ता साझेदार दलहरुबीच मतभेद देखिएको छ । प्रधानमन्त्री देउवा र नेपाली काँग्रेसका नेताहरु यो सम्झौता अनुमोदन गराउनुपर्ने पक्षमा छन् । प्रधानमन्त्री देउवाले यसअघि पनि एमसीसी अनुमोदन गराउनुपर्ने सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् । तर प्रमुख सत्ता साझेदार दलहरु माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी संशोधन बिना एमसीसी अनुमोदन गराउने पक्षमा छैनन् ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन र विघटनको प्रमुख कारण पनि एमसीसी थियो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली एमसीसी अनुमोदन गराउनुपर्ने पक्षमा थिए ।

तर पुष्पकमल दाहाल प्रचण्ड, भीम रावल, लीलामणि पोखरेल लगायत नेताहरुले एमसीसी अनुमोदनको विपक्षमा उभिए ।

नेकपा हुँदा एमसीसीबारे अध्ययन गर्न कार्यदल नै बन्यो । झलनाथ खनालको नेतृत्वमा बनेको कार्यदलले समेत एकमत निर्णय दिन सकेन ।

खनाल र रावलले संशोधन नभए एमसीसी अनुमोदन गर्न नहुने निष्कर्ष निकाले भने प्रदीप ज्ञवालीले फरक प्रस्ताव राखे । त्यही विवाद बढ्दै जाँदा ओलीले दुई पटक त संसद् विघटनको निर्णय गरे ।

ओली सरकार बिस्थापित गर्दै बनेको देउवा सरकारलाई पनि एमसीसी समस्या बनेको छ । सत्तारुढ दलहरुले एमसीसीकै कारण गठबन्धनमा समस्या नआउने बताएपनि विरोधाभास पूर्ण अभिव्यक्ति र निर्णय भने देखिन थालेको छ ।

## बढ्दो...

बरिष्ठ अधिवक्ताहरु र सर्वोच्चकै न्यायाधीशहरु एउटा कित्तामा उभिएका छन् । प्रधानन्यायाधीश जबराले राजीनामा नदिएसम्म न्यायिक सम्पादन कार्यमा नफर्कने न्यायाधीश र अधिवक्ताहरुको अडान छ । उनीहरुलाई साथ दिने पंक्ति बढ्दो छ ।

विशेषगरी राजनीतिक दलहरुभित्र प्रधानन्यायाधीश जबराले राजीनामा गरेर निकास दिनुपर्ने आवाज बढ्दो छ । तर प्रमुख राजनीतिक दलका नेतृत्व भने न्यायालयको विवादमा प्रवेश गर्न नहुने अडानमै छन् । नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव परोक्ष रुपमा प्रधानन्यायाधीश जबराको पक्षमा देखिन्छन् ।

न्याय क्षेत्रका लगभग सम्पूर्ण पंक्ति प्रधानन्यायाधीश जबराको राजीनाको पक्षमा उभिदा शीर्ष नेताहरुले कुनै निर्णय नलिनुले पनि त्यो पुष्टि हुन्छ ।

प्रधानन्यायाधीश जबरालाई मन्त्रिपरिषद्मा कोटा दिन तयार सत्ता साझेदार दलहरु विरुद्ध पार्टीभित्रै दबाव बढेको छ । प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले त खुलेर प्रधानन्यायाधीश जबरालाई साथ दिइरहेका छन् ।

जबरासँग मिल्दो अभिव्यक्ति ओलीले दिदै आएका छन् । उनको भनाइ छ, "राजीनामा गर्ने हो भने संसद् पुनर्स्थापना गर्ने संवैधानिक इजलासका सवै न्यायाधीशले राजीनामा गर्नँपर्छ ।"

तर एमालेभित्रै पनि प्रधानन्यायाधीशले राजीनामा नगरे महाअभियोग लगाउन पछि हट्न नहुने दबाव बढ्दो छ ।

उपमहासचिव घनश्याम भूसालले त अहिले अदालतबारे नबोल्दा ठूलो अनर्थ हुने बताउँदै आएका छन् । काँग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाभित्र पनि राजीनामा नआए महाअभियोग लगाउन पछि हट्न नहुने दबाव बढ्दो छ । प्रधानन्यायाधीश जबरालाई दलहरुले महाअभियोगको संकेत नआएकाले बल पुगेको अनुमान गर्न सकिन्छ ।

## इजरायल...

विभागले इजरायल जाने नेपालीले मासिक एक लाख ९० हजार रुपैयाँभन्दा बढी पारिश्रमिक पाउने जनाएको छ ।

एक पटक रोजगारीमा जाने नेपालीको करार अवधि एक वर्षको हुने भए पनि करार थपिएर पाँच वर्षसम्म बस्न पाइने छ ।

त्यसैगरी यसका लागि जाने श्रमिकले हवाइ भाडा, स्वास्थ्य बिमा, अभिमुखीकरण, पासपोर्ट, पीसीआरसहितको स्वास्थ्य परीक्षण, कल्याणकारी कोषसहित एक लाख ६५ हजार ७०० रुपैयाँ खर्च हुने विभागले जनाएको छ ।

## मन्त्री श्रेष्ठद्वारा...

श्रम स्वीकृति शुरू नगर्दा वैदेशिक रोजगारमा जाने कामदार श्रम स्वीकृतिका लागि काठमाडौंसम्म धाउनुपर्ने पर्ने अवस्था देखिन्छ, यसमा तत्काल सुधार हुनुपर्छ ।'

मन्त्री श्रेष्ठले कर्मचारीको अभाव देखाएर सेवाग्राहीलाई दुःख दिन नहुने भन्दै आवश्यकता अनुसार पूर्वाधार र कर्मचारीको व्यवस्थापन गर्न समेत निर्देशन दिएको मन्त्री श्रेष्ठको निजी सचिवालयले जनाएको छ ।

# प्रयोगविहीन बेलिब्रिज

**म्याग्दी/मस–**राष्ट्रिय गौरबको कालीगण्डकी कोरिडोर अन्तर्गत बेनी-जोमसोम सडकमा चार वटा बेलिब्रिज प्रयोगविहीन भएका छन् । सडकको विभिन्न ठाउँका खोलामा पुल नहुँदा जोखिम र सास्तीपूर्ण यात्रा गर्नुपर्ने बाध्यताका साथै सवारी आवतजावत् प्रभावित बनेको छ ।

स्थायी पक्की पुल निर्माण भएपछि अस्थायी रूपमा सवारीसाधन आवतजावत गराउन बनाइएको बेलिब्रिज प्रयोगविहीन बनेका हुन् । दुई वटा बेलिब्रिज प्रयोगविहीन बनिसकेको बेनी-जोमसोम सडकका थप दुई वटा बेलिब्रिज पनि विस्थापित हुने अवस्थामा रहेका बेनी-जोमसोम-कोरला सडक आयोजनाले जनाएको छ । आयोजना प्रमुख जगत प्रजापतिले म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ र अन्नपूर्ण गाउँपालिका-७ महभिर र मुस्ताङको थासाङ गाउँपालिकाको लेतेखोलामा पक्की पुल बनेपछि त्यहाँको बेलिब्रिज प्रयोगविहीन बनेको बताए ।

'अन्नपूर्ण गाउँपालिका-२ र ६ को सिमानामा पर्ने पाखेरेबगरस्थित कालीगण्डकी र बेनी नगरपालिका-९ र रघुगङ्गा गाउँपालिका-३ को सिमाना गलेश्वरस्थित राहुघाट नदीमा पनि पक्की पुल निर्माणको अन्तिम चरणमा छ', उनले भने, 'लेतेखोलाको बेलिब्रिज स्थानान्तरण गर्न ठेक्का सम्झौतामा उल्लेख भए पनि अन्य पुल स्थानान्तरणका लागि नीतिगत निर्णयको आवश्यकता छ ।' २०६३ मा मार्ग खुलेको ७६ किलोमिटर दूरीको मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकमा पक्की पुल निर्माण नहुँदासम्मका लागि नेपाली सेनाले बेलिब्रिज बनाएको थियो । रघुगङ्गा गाउँपालिका-१ बेगखोलाको बेलिब्रिज बाढीले बढाएको थियो । अन्य ठाउँका बेलिब्रिज सामान्य मर्मत गरेर स्थानान्तरण गर्न सकिने अवस्थाका छन् ।

बेगखोला, रुप्सेखोलालगायतका ठाउँमा पुल नहुँदा बर्खा याममा बाढी आउदा बेनी-जोमसोम सडकमा सिधा आवतजावत प्रभावित हुने गरेको छ । लेतेखोलाको बेलिब्रिज स्थानान्तरण गर्न पक्की पुल निर्माणको ठेक्का सम्झौतामा उल्लेख भए पनि स्थानान्तरण गर्ने ठाउँ तय नहुँदा अलमल भएको आयोजना प्रमुख प्रजापतिले बताए । सोमबार भएको जिल्ला समन्वय समिति म्याग्दीको छैठौं जिल्ला सभाले प्रयोगविहीन बेलिब्रिज स्थानान्तरणका विषयमा छलफल भए पनि ठोस् निर्णय हुन सकेन् । सम्बद्ध निकाय र बेलिब्रिज बनाएको नेपाली सेनासँग परामर्श गरेर बेलिब्रिज स्थानान्तरण गर्ने ठाउँ छनोट गरेर सिफारिस गर्ने जिसस प्रमुख देवेन्द्रबहादुर केसीले बताए ।

# थप ४ सय ८४ जना कोरोना संक्रमणमुक्त

**काठमाडौं/मस–**नेपालमा थप ४ सय ८४ जना कोरोना संक्रमणमुक्त भएका छन् ।

त्यस्तै ५३३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १४ हजार ९१८ जनाको पीसीआर परीक्षण गर्दा ४३३ जना र १ हजार ८१८ जनाको एन्टिजेन परीक्षण गर्दा ९० जना गरी ४८४ जनामा कोरोना भाइरसको संक्रमण देखिएको हो ।

यस्तै पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट १ जनाको मृत्यु भएको छ । यससँगै कूल मृतकको संख्या ११ हजार ४५४ पुगेको छ ।

कूल निको हुनेको संख्या ७ लाख ९६ हजार ३०६ पुगेको छ । कूल संक्रमितको संख्या पीसीआर विधिबाट ८ लाख १५ हजार ३७२ र एन्टीजेनबाट ९४ हजार ९२६ पुगेको छ । नेपालमा हाल ७ हजार ६१२ जना सक्रिय संक्रमित रहेका छन् ।


## भूल सुधार

मिति २०७८/०७/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा वैदेशिक रोजगार शिर्षक, कम्पनी नाम: Ansar Gallery, चलानी नं.: ६०१६६८३७ र L.T. No.: 249315 को विज्ञापनमा मेनपावरको ठेगाना र सम्पर्क नं. निम्न बमोजिम हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

UNIVERSAL H.R. SOLUTION PVT. LTD.
Battisputali - 09. Kathmandu, Nepal
Phone No. :- 00977-1-4493365, 4493465
Govt. Lic. No. 1209/073/074

## मोटरसाइकल हराएको सूचना

मिति २०७८/०७/२२ गते दिउसो अं. १३:०० बजेको समयमा ललितपुर जिल्ला, ल.म.न.पा. वडा नं. १७ बि.एण्ड बि. अस्पताल छेउको पार्किङ्ग बाट बागमती प्रदेश ०२-०२५प ९२८८ नम्बरको रातो कालो रंगको बजाज कम्पनीको पल्सर २२० सिसि मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सर्म्पक गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

सवारी धनीः सुवर्ण बोहोरा
च्यासिस नं: MD2A13EXOMCL80495
इन्जिन नं: DKXCML62014
सम्पर्कः 9851026663

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०४/१९ मा दर्ता भएको प्रा.लि. नं.१३७८९९को समृद समाज सव रेमिट प्रा.लि.को एकल सेयर धनीको मिति २०७८/०७/२३ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,
ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३
ईमेल : rokayasherbahadur723@gmail.com

## आवश्यकता आवश्यकता आवश्यकता

यस मेनपावर कम्पनीलाई तपशिल बमोजिमका कर्मचारी आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुले सुचना प्रकाशित भएको १ हप्ता भित्र आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | पद | योग्यता | संख्या |
|---|---|---|---|
| १ | लेखापाल | १०+२ पास,कम्प्यूटर सम्बन्धि ज्ञान भई सम्बँन्धित काममा अनुभवी । (महिला/पुरुष) | २ |
| २ | डकुमेण्टेसन | १०+२ पास,कम्प्यूटर सम्बन्धि ज्ञान भएको फोटोसप र नेपाली टाईपिङ का साथै सम्बँन्धित काममा अनुभवी । (महिला/पुरुष) | २ |
| ३ | पि.आर.ओ | १०+२ पास भई सम्बँन्धित काममा अनुभवी । (महिला/पुरुष) | २ |
| ४ | रिसेप्सनिष्ट | १०+२ पास, महिला | २ |

एस.एल.डी ईन्टरनेशनल प्रा.लि.
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२३, २४, २५
मो.:९८५१०८७३६५, ९८१८६२८४४८, E-mail:slddocument672@gmail.com
श्रम इजाजत नं. ६७२/०६३/६४

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०७/२४

यस कम्पनीको मिति २०७८/०६/१४ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी हिमालयज फ्याक्ट्रस होलिडेज प्रा.लि. (प्रा.लि. नं. १२२६२६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी ट्राभल नेपाल नाउ प्रा.लि. कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## मोटरसाइकल हराएको सूचना

दोलखा जिल्ला गौरीशंकर गाउँपालिका ५ सुरी स्थायी घर भई चरिकोटस्थित बसपार्कमा बसोबास गर्ने मुकेश श्रेष्ठको निजि मोटरसाइकल घर नजिकै पार्किङ गरेर राखेको कालो/निलो रङको बागमती प्रदेश ०२-०१५ प ५२२० नम्बरको पल्सर २२० सिसि, ईन्जिन नं DKYCKH99784 र च्यासिस नं MD2A13EY6KCH92218 भएको मिति २०७८ भदौ ११ गते राति हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकी अथवा मुकेश श्रेष्ठको मोबाइल नम्बर 9867577153 मा सम्पर्क गरि सहयोग गर्नुहुन अनुरोध गरिन्छ ।

## नियु स्कुटर (NIU Scooter) को अधिकतम बिक्री मुल्य MRP सम्बन्धि सुचना

यस प्रा.लि. Niu International Co.Ltd बाट पैठारी गरेका न्यु स्कुटरहरुको अधिकतम खुद्रा बिक्री मुल्य निम्न बमोजिम भएको ब्होरा सर्बसाधारणको जानकारीको लागि प्रकासन गरिएको छ।

| सि.न | मालबस्तुको बिवरण | ब्रान्ड | मोडल | क्षमता | उत्पतिको मुलुक | ईकाई | अधिकतम खुद्रा बिकी मुल्य MRP |
|---|---|---|---|---|---|---|---|
| १ | Electric Scooter | NIU | NIU Nqi Sports | २४०० वाट | China | प्रति पिस | ३१0000.00 |

बिकेता फर्मको नामः इको इफिनिटी प्रा.लि. | स्थाइ लेखा नं. ६०४२८६३१०
ठेगानाः मदनभन्डारी पथ माइतिघर, काठमाडौं | फोन नं. ०१४२५६०३८

## UAE मा रोजगार | कम्पनी : ROYAL D H S SECURITY GUARD SERVICES L.L.C.

शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/२३ चलानी नं.: ६०१६७०३५ LT. No.: 249637

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1200 | ३८,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १ गते (17 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

राप्ती प्लेसमेन्ट सर्भिस प्रा. लि.
बसुन्धारा-३, काठमाडौं, फोन नं. : ०१-५९०१४१५, ५९०१४१४ । मोः ९८५१०३२२४६, ९८५१०१४५७२
Email: raptiplacement@gmail.com, Website: www.rps.com.np
श्रम ईजाजत नं. ९९६/०६८/०६९

## SAUDI मा रोजगार | १. कम्पनी : Remal Assawahel Contracting And Maintenance Company

शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०७/२३ चलानी नं.: ६०१६७०३८ LT. No.: 249826

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Common Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : ARKAN WOD TRADING CONTRACTING AND REAL ESTATE COMPANY शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०७/२३ चलानी नं.: ६०१६७०३९ LT. No.: 249987

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : MAZEN ABOUD IBRAHIM AL SALEM TRADING EST. शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०७/२३ चलानी नं.: ६०१६७०४० LT. No.: 249989

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १ देखि ४ गते सम्म (17 to 20 Nov. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००।- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Rays Recruitment Pvt. Ltd.
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066

## ओमानमा रोजगार | कम्पनी : ALINJAZ TRADING AND SERVICES

शहर : Oman, Muscat

पूर्व स्वीकृत मितिः २०७८/०७/२३ चलानी नं.: ६०१६७०५८ L.T. No.: 249805

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 100 | 0 | स. काममा दक्ष | 100 | ३०,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १ गते (17 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

RHYTHM OVERSEAS PVT. LTD.
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com
Govt. Lic. No. 865/066/067

# अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ पर्व मनाइँदै



**काठमाडौं/मस–** शुद्धता, सद्भाव र आस्थाको महापर्व छठ आज श्रद्धा एवं हर्षोल्लासपूर्वक मनाइँदैछ। आराध्यदेव सूर्यको आराधना गरी मनाइने यस पर्वको तेस्रो दिन बर्तालुले आज बेलुकी कुण्ड, पोखरी र तलाउमा उभिई दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षता, फूल हालेर खेतबारीमा भएका पूजा सामग्री र घरमा बनाइएको विशेष पकवान अस्ताउन लागेको सूर्यलाई अर्घ दिई पूजापाठ गर्ने परम्परा रहेको छ।

सन्तान प्राप्ति, निरोगिता, सुख, समृद्धि र चर्मरोग निको हुने जनविश्वास अनुरूप पारस्परिक आत्मीयता र सद्भावको प्रतीकका रूपमा यो पर्व मनाइन्छ । यस पर्वमा धनी, गरिब, उचनिचको भेदभावलाई छोडेर सबै वर्ग, समुदाय एउटै सांस्कृतिक पृष्ठभूमिमा पूजाअर्चनाका लागि उभिने गरेको पाइन्छ। यस पर्वको अवसरमा चमार जातिले ढोल बजाउने, मालीले फूल, बरईले पानको पात, कुम्हारले माटोको भाँडा, डोमले बाँसका सामग्री पुर्याउने गरेका कारण पनि यो पर्वमा श्रम विभाजनको अत्यन्त वैज्ञानिक रूप दृष्टिगोचर हुन्छ । छठमा बाँसको सामग्रीमा अर्घ दिएपछि वंशवृद्धि, केरामा भगवान विष्णुको बास, ठकुवामा समृद्धि र मौसमी फल प्रकतिप्रति कृतज्ञताको द्योतक भएको मान्यता पनि पाइन्छ । छठ पर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरूसमेत रहेको छ। वैज्ञानिक, ज्योतिष तथा चिकित्सकहरूले पनि सूर्य तत्वबाट आफ्नो ज्ञानको अभिवृद्धि गरी जनकल्याणका लागि अन्वेषण गरेका छन् । ऋग्वेदमा सूर्य नै बल, यश, चक्षुस्रोत, आत्मा र मन भएको कुरालाई ध्यानमा राख्दै पनि श्रद्धालुले यो पर्वमा पूजाअर्चना गरी मनोवाञ्छित फल प्राप्त हुने विश्वास पाइन्छ। यसै बीच जनकपुरधाममा श्रद्धालुहरू इतिहास वर्णित सरोवर गङ्गासागर, धनुषसागर, रामसागर, रत्नसागर, विहारकुण्ड, रुक्मिणी सर, अरगजा, महाराजसागर र अग्निकुण्डलगायतका कुण्ड, पोखरी, तलाउमा यो पर्व गए रातिदेखि नै हर्षोल्लासका साथ मनाइरहेका छन्। गए राति खरना सम्पन्न भएदेखि नै श्रद्धालुहरूले जलाशयमा बनाइएको घाटमा पूजा सामग्री राखी छठ पर्वको भक्तिमय वातारवणको अनुभूति गराइरहेका छन् ।

वि.सं. २०४६ अघि तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रियस्वरुप ग्रहण गरेको छ । वि.सं. २०४६ देखि नै सरकारले यो पर्वका अवसरमा राज्यभर सार्वजनिक बिदा दिने गरेको छ।

छठ पर्वका लागि राजधानीको गुह्येश्वरी, गहनापोखरी, कमलपोखरीलगायत वाग्मती, बल्खु, नख्खु र विष्णुमतीलगायत नदी किनारमा सजावट गरिएको छ।

## प्रधानसेनापति शर्मा भारत भ्रमणमा

**काठमाडौं/मस–**प्रधानसेनापति प्रभुराम शर्मा भारतको चार दिवसीय औपचारिक भ्रमणका लागि नयाँ दिल्ली प्रस्थान गरेका छन् । भारतका स्थल सेनाध्यक्ष जनरल एमएम नरवणेको औपचारिक निमन्त्रणामा भारत भ्रमणमा उनी निस्किएका हुन् । नेपाली सेनाको मध्य एयरबेश, गौचरमा उनलाई बलाधिकृत रथी बालकृष्ण कार्कीले बिदाई गरे ।

प्रधानसेनापतिको नियुक्ति भएपछिको उनको यो पहिलो विदेश भ्रमण हो। प्रधानसेनापति शर्मालाई भारतका राष्ट्रपति रामनाथ कोविन्दबाट भारतीय स्थल सेनाको मानार्थ महारथी दर्जाको दर्ज्यानी चिह्नबाट सुशोभन गर्ने कार्यक्रम रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

भ्रमणका क्रममा महारथी शर्माले विभिन्न भारतीय उच्चपदस्थ पदाधिकारीसँग भेटघाट गर्नेछन् ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०४/२२ मा दर्ता भएको **प्रा.लि. नं.१७२५४३**को **इजि क्यास सर्भिस प्रा.लि.**को एकल सेयर धनीको मिति २०७८/०७/२४ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०१/३० मा दर्ता भएको **प्रा.लि. नं.११२५३४**को **स्प्रीड्ग शाइन इन्टरनेसनल प्रि–स्कुल प्रा.लि.**को मिति २०७८/०७/२४ मा सम्पन्न विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०७/०७ मा दर्ता भएको **प्रा.लि. नं. ८७३३३** को **प्रशंसा इन्टरनेशनल प्रा.लि.**को एकल सेयर धनीको मिति २०७८/०७/२३ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०५/२६ मा दर्ता भएको **प्रा.लि. नं. १२६४८८** को **मकालु एक्स्ट्रिम ट्रेकस एण्ड एक्पिस्डीसन प्रा.लि**.को एकल सेयर धनीको मिति २०७८/०७/२३ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

हिमालय एअरलाइन्स्
HIMALAYA AIRLINES

### CAREER OPPORTUNITY

Himalaya Airlines' network presently consists of Doha, Dubai, Dammam, Dhaka, Kuala Lumpur, Riyadh, Beijing and Chongqing sectors. Interested candidates are requested to send in applications for the following posts:

First date of publication : November 10, 2021

**DEPARTMENT : FLIGHT OPERATIONS**

**TRE/TRI/ LTC** | **Vacancy Code : H9/FOD/0052021**

**Required No: 5 TRE, 5 TRI, 8 LTC**

• Below 63 years • Valid ICAO recognized Air Transport Pilots License • Minimum 4,000 hours total flight time with at least 2,000 PIC hours on jet aircraft with MTOW greater than 50,000 kg • LTC should have approved instructor course certificate and a minimum of 1,000 hours experience on A-320 series as LTC • TRE/TRI should have approved examiner/ instructor course certificate and must have a minimum 500 hours experience as a TRE/TRI in A320 International operations • English Language Proficiency 5 preferred but minimum 4 is mandatory • Must have relevant course certificate

**Line Captain (LC) A320 Type Rated** | **Vacancy Code : H9/FOD/0062021**

**Required No: 28**

• Below 63 years • Valid ICAO recognized Air Transport Pilots License • Minimum 4,000 hours total flight time with at least 2,500 hours on MTOW greater than 50,000 kg aircraft • 500 hours PIC on A320 series • English Language Proficiency 5 preferred but minimum 4 is mandatory

Please send in your updated resume, a copy of pp size photo, scanned copy (ies) of your qualifications & experience to vacancy@himalaya-airlines.com. It is mandatory to mention the vacancy code and position you are applying for, in the subject line. Only shortlisted candidates will be contacted. Phone calls will not be entertained. Deadline: 15 days from the first date of publication.

### UAE मा रोजगार | कम्पनी: INDUS INTERNATIONAL (FZC) शहर: UAE

पुर्व स्वीकृत मिति: २०७८/०७/२३ चलानी नं.: ६०१६७०४८ LT. No.: 249784

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Labour | 40 | 0 | स. काममा दक्ष | 800 | २४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १ गते (17 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

